१५. आफु गएको देशको स्थानिय महिला र पुरुष तथा अन्य देशको महिला वा पुरुष संग अनैतिक सम्वन्ध राख्न पाईदैन यस्तो कार्यबाट हुने दण्ड जरिवानाको बारेमा जानकारी लिनु पर्दछ ।
१६. काम गर्न गएको कम्पनी भित्र सुरक्षा सम्बन्धि उपकरणको प्रयोग र नियमको अनिवार्य पालना गर्नु पर्दछ ।
१७. करार अवधि भित्र समस्या आउदा कँहा र को सगं सम्पर्क राख्ने र सम्पर्क गर्ने ब्यक्तिको नाम र मोवाईल नम्वरहरु सुरक्षित राख्नुहोस साथै नेपाली राजदुतावास र नेपालका कुटनितिक नियोगका सम्पर्क नम्वरहरु राख्नु पर्दछ ।
१८. आर्जन गरेको पैसालाई वैधानीक तरिकाले आफ्नो परिवारलाई पठाउनु पर्दछ ।
१९. नियमित रुपमा आफ्नो घरपरिवारको सम्पर्कमा वस्नुहोस।
२०. अनुशासित भई बिदेशमा बस्ने वानिको विकास गर्नु पर्दछ । तडकिलो र भडकिलो व्यवहार गर्नु हुदैन् ।

## प्रस्थान पुर्व चाहिने आवश्यकीय कागजातहरु :

- सम्झौता पत्र
- हवाई टिकट
- श्रम स्वीकृतीको ई-स्टीकर
- वैदेशिक रोजगार विमाको प्रतिलिपी
- मेडिकल रिपोर्ट
- भिषा लागेको सक्कल राहदानी
- उडानका लागि तयार पारीएका कागजातहरु एक एक प्रति आफनो घरमा सुरक्षीत राख्न दिनुहोस् ।

***(यदि तपाई करार अवधि भन्दा बढि समय कम्पनीमा बस्न चाहानुहुन्छ भने श्रम स्वीकृती र जिबन बिमा नविकरण गराएर मात्र बस्नु होला ।)***

## बिमा र कल्याणकारी कोष के का लागि ?

रोजगारीको कममा कम्पनी वा कम्पनी वाहिर जस्तोसुकै दुर्घटनामा परी घाइते वा अङ्गभङ्ग भई स्वदेश फिर्ता आउनु परेमा औषधी उपचारमा पर्न आउने आर्थिक संकटलाई न्युनीकरण गर्नका लागि र कुनै कारणले कामदारको मृत्यु भएको खण्डमा मृतकको आफन्तले जिवन बिमा नितिमा उल्लेख गरे अनुसारको क्षतिपुर्ती प्राप्त गर्न सकिनेछ । कल्याणकारी कोषमा विदेश जादा स्वंयम श्रमिकले श्रम स्वीकृती लिने त्रममा कोषमा, जाने व्यक्तिको नाममा अनिवार्य रुपमा सरकारले तोकेको निश्चित रकम जम्मा गरेको हुन्छ र विदेशमा रहदा श्रमिकलाई कुनै पनि अप्ठयारो आइपर्दा स्वदेश फर्काउन र विरामी भई वा दुर्घटनाको कारणले अङ्गभङ्ग वा मृत्यु भएमा आर्थिक सहयोग गर्दछ र श्रमिकको मृत्यु भएको खण्डमा वैदेशिक रोजगार प्रर्वदन बोर्ड मार्फत मृतकको परिवारलाई तोकिएको निश्चित रकम अनुसारको क्षतिपुर्ती प्रदान गर्दछ । मृतकको पठनपाठन गर्ने वालवच्चाहरु भएमा माध्यामिक शिक्षा सम्म छात्रवृती प्रदान गर्दछ । विस्तृत जानकारीको लागि **www.dofe.gov.np** वाट समेत हेर्न सक्नु हुनेछ ।

## गुनाशो र उजुरीहरु

वैदेशिक रोजगारीको कार्य प्रकृयामा रहदा आइपर्ने समस्या तथा दुर्व्यवहारहरुलाई उचित समाधानका लागि कामदारले आफ्नो गुनाशो र उजुरीहरु लिखित तथा मौखिक माध्यमवाट तोकिएको आधिकारीक व्यक्ति वा विभागमा दर्ता गर्न पाउनेछन ।




उक्त गुनाशो र उजुरीहरु तोकिएको व्यक्ति र विभाग मार्फत छिटो भन्दा छिटो समाधान हुनेछ र तपाईले यस प्रा.लि. मार्फत प्रत्यक्ष रुपमा आफ्नो गुनासेको सम्वोधन गर्न सक्नु हुनेछ । गुनासोकर्ताको परिचय सदैव गोप्य राखिनेछ जसको लागि हाम्रो कार्यलयको तल उल्लेखित माध्यमवाट गुनासो दर्ता गराउन सक्नु हुनेछ ।

१. सुझाव पेटिका,
२. गुनासो फारम
३. हटलाईन नं. ०१-४४९८७०१
४. हटलाईन मो. नं. ९८०११-२२३०६/९८४७७-५७०८९ (निर्देशकद्धारा सम्वोधन)
५. इमेल : bodaakarshan@gmail.com I recruitment.aakarshan@gmail.com
६. वैदेशिक रोजगार विभाग

## व्यावसायीक सामाजिक उत्तरदायीत्व (CSR)

यस आकर्षण ईन्टरनेशनल प्रा.लि. ले आफ्नो व्यवसायीक मर्यादालाई कायम राख्दै समाजसेवाको क्षेत्रमा पनी सदैव समर्पित छ । यस प्रा.लि. ले विभिन्न क्षेत्रमा रहेर सामाजिक उतरदायित्व वहन गरिरहेको छ ।

**१. अभिमुखीकरण कार्यक्रम**
(-वैदेशिक रोजगार - जिम्मेवार व्यवसाय सगंठन (आरवीए) सम्बन्धित जानकारी शुन्य लागत नियुत्ती, स्वतन्त्र रूपमा छनौट गर्ने रोजगारी, मानव उपचार, वल श्रम रहित नियुत्ती आदि ।)

**२. प्रायोजन कार्यक्रम**
(-शैक्षिक तथा खेलकुदका सामग्री वितरण - स्वास्थ्य शिविर -सांस्कृतिक कार्यक्रमलाई प्रायोजन आदि)

**३. परोपकारको कार्य/विपत व्यवस्थापन**
(प्राकृतिक प्रकोप जस्तै वाढी, पहिरो र भुकम्प पीडितलाई सहयोग)

**४. शिक्षा**
(ग्रामीण क्षेत्रका विधार्थीलाई पढ्नको लागि आर्थिक सहयोग )

**५. वातावरणीय सरसफाई**
(सफाई अभियान (नदी, सडक, मन्दिरहरू आदि) (वृक्षारोपन कार्यक्रम तथा वातावरणीय संरक्षण सम्वन्धी अभिमुखीकरण कार्यक्रम

**६. रक्तदान कार्यक्रम**

**७. कल्याणकारी कोषको स्थापन**
(हाम्रो कर्मचारीहरु, उम्मेदवारहरूको लागि कल्याणकारी कोषको व्यवस्था)

## विदेशमा रहदा यदि तपाईलाई कुनै पनि किसिमको समस्या परेमा सम्पर्क गर्ने निकायहरु:

**मलेशिया स्थित नेपाली राजदुताबास /कुटनैतिक नियोगको जानकारी**
मलेशिया : क्वाललम्पुर फोन नं. ००६० ३ २१६४५९३४ र २१६४९६५३
ईमेल : info@nepalembassy.com.my

**आकर्षण ईन्टरनेशनल प्रा.लि.को जानकारी**
आकर्षण भवन, शम्भु मार्ग, (एयरपोर्ट नजिक) काठमाण्डौ, नेपाल ।

| | | |
|---|---|---|
| फोन नं | : | ०१ ४४९८७०१ (हटलाइन) |
| मोवाइल नं. | : | ९८०११२२३०६/९८०११२२२३१ |
| ईमेल | : | recruitment.aakarshan@gmail.com<br>aakarshanman20@gmail.com |
| वेवसाईट | : | www.aakarshannepal.org |

An Ethical & Responsible Recruitment Organization

*"आर.बि.ए.को आचार संहितालाई पालना गर्ने कम्पंनीहरूमा मात्र वैदेशिक रोजगारीको लागि पठाउने नेपालको पहिलो र एक मात्र सस्थां ।"*

# आकर्षण ईन्टरनेशनल प्रा. लि. को संक्षीप्त चिनारी




आकर्षण ईन्टरनेशनल प्रा. लि. २०६२ साल श्रावण १ गते विधिवत रुपमा स्थापना भएको सस्थां हो । नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट श्रम ईजाजत नं. ६०९/०६२/०६३ लिई वैदेशिक रोजगार विभागको निति नियमको पालना गर्दै संचालित छ । हाल सम्म विभिन्न देशमा २२ हजार भन्दा बढी वैदेशिक रोजगार प्रति इच्छुक नेपाली नागरिकहरुलाई विदेशमा भरपर्दो रोजगार दिलाएको यस सस्थाले विगत ५ वर्ष देखि नेपाल सरकारले अवलम्वन गरेको **"फ्रि भिषा फ्रि टिकट"** को अवधारणलाई कार्यान्वयन गर्दै र मलेशियाको धेरै जस्तो उत्पादन क्षेत्रमा रहेका निशुल्क रोजगारी उपलव्ध गराउने आर. वि. ए. (Responsible Business Alliance) को सदस्यता प्राप्त कम्पंनीहरुवाट मागपत्र ल्याई वैदशिक रोजगारीको लागि **"शुन्य लागतमा"** सेवा प्रदान गर्दे आइरहेको छ साथै वैदेशिक रोजगारको लीग ईच्छुक युवाहरुको शैक्षिक योग्यता, सिप र क्षमताको पहिचान गरी सहि रोजगारीको छनौट गर्दै स्वच्छ, निश्पक्ष, विना भेदभाव र जिम्वेवारी सहितको रोजगारी दिलाउनु नै यस प्रा. लि. को चिनारी हो ।

## वैदेशिक रोजगारका लागि आकर्षणको कार्य प्रकृया




## वैदेशिक रोजगारमा जानको लागि दर्ता गर्नु भन्दा पहिले लिनु पर्ने जानकारी ।

१ नेपाल सरकारबाट ईजाजत प्राप्त संस्थामा मात्र सर्म्पक गरी आवश्यक जानकारी लिनु पर्दछ ।

२ वैदेशिक रोजगारको लागि आवेदन दिदै हुनुहुन्छ भने मानसिक र स्वेच्छिक रुपमा तयारी हुनुपर्दछ ।

३ १८ बर्ष उमेर भएको अवस्थामा मात्र वैदेशिक रोजगारको प्रकृया अवलम्बन गर्नु पर्दछ ।

४ वैदेशिक रोजगारीमा जाँदा सकेसम्म सिपमुलक काम सिकेर जाने कोशिस गर्नु पर्दछ ।

५ आफु जाने देश र कम्पनीको काम तलव र सेवा सुविधाको जानकारी लिनुका साथै कति घण्टा कति दिन काम गर्ने हो सो बारे स्पष्ट हुनु पर्दछ ।

६ दर्ता प्रकृयाको लागि आवश्यक कागजातहरु : व्यक्तिगत विवरण, राहदानी (यदि पहिले नै बनाएको भएमा), नागरीकता, शैक्षिक प्रमाण पत्र, काम गरेको अनुभव र अन्य सिपमुलक प्रमाण पत्रहरुको प्रतिलिपि बुझाउनु पर्दछ ।

७ रोजगारीमा जाने क्रममा झुठा विवरण र कागजातहरु पेश गर्नु हुदैन ।

***(नोट: नेपाल सरकारबाट जारी गरीएका कुनै पनि २ किसिमका परीचय पत्र बाट उमेर प्रमाणीकरण गरिनेछ ।)***

## वैदेशिक रोजगारको लागि आकर्षण नै किन ?

**"अतिथि देवो भव"**: को मुल मर्मलाई आत्मासाथ गर्दै यस प्रा.लि.मा सेवा ग्राहिको रुपमा आउनुहुने महानुभावहरुलाई स्वागत गरि उचित सल्लाह सुझाव सहित नागरिकको सुःसुचित हुन पाउने हक अधिकारको पालना गर्दै व्यक्तिमा रहेको अन्तर्निहित प्रतिभा, क्षमता, योग्यता र अनुभवको कढीलाई मुल्यांकनको आधार बनाई स्वतःस्फुर्त रुपमा छानिएको रोजगारमा बिना भेदभाव श्रमिकहरुले पाउने अधिकारको सुनिश्चितता गर्दै नैतिक र जिम्मेवार सहित वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई सहज र सुदृढ तरीकाले नेपाल सरकार र **RBA** को नीतिहरुलाई पूर्ण रुपमा शून्य लागतको सिदान्तलाई कार्यान्वयन गर्दै वैदेशिक रोजगारीको लागि पठाईने हुनाले नै यस आकर्षण ईन्टरनेशनल प्रा.लि सबैको रोजाईमा पर्न सफल भएको छ ।

## शून्य लागत र आकर्षणको प्रतिबदता

सम्वन्धित देशको रोजगारदाताहरुले आफ्ना कम्पनीमा विदेशी श्रमिकहरुलाई नियुक्ति गर्दा लाग्ने सम्पूर्ण खर्च रोजगारदाता कम्पनीले नै बहन गर्ने प्रकृया नै शून्य लागत रोजगार हो । वैदेशिक रोजगारीमा जानको लागि श्रमिक र, निजको परीवार आफन्त वा कुनै पनि सरोकारवालाहरुले कहि कतै कसैलाई पनि कुनै किसिमको शुल्क बुझाउन पर्दैन । तसर्थ आर.बि.ए.को आचार संहितालाई पालना गर्ने कम्पनीहरुमा मात्र शून्य लागतमा रोजगार प्रदान गरि त्यसको सुनिश्चितताको लागि आकर्षण ईन्टरनेशनल प्रा.लि.सदैव प्रतिबद्ध छ ।

## नयाँ मागपत्र (Demand) र आवेदन दिने माध्यम

यस संस्थामा प्राप्त नयाँ मागपत्रहरु वेब साईट, फेसबुक पेज र कार्यलयको सुचना पाटीमा राखिनेछ र आवेदनको लागि निम्न माध्यमको प्रयोग गर्न सक्नु हुनेछ ।

१. वेब साईट : www.aakarshannepal.org मा लग ईन गरी आवेदन दिने

२. फेसबुक पेज: Aakarshan International Pvt.Ltd मार्फत आफ्नो व्यक्तिगत विवरण पठाउने

३. ईमेल ठेगाना recruitment.aakarshan@gmail.com मार्फत आफ्नो व्यक्तिगत विवरण पठाउने ।

४. यस कार्यालमा आई आफ्नो व्यक्तिगत विवरण पठाउने ।

## अन्तर्वार्ताको तयारी

१. कम्पनीबाट हुने अन्तरर्वार्ताको स्थान,मिति र समयबारे विस्तृत रुपमा जानकारी लिनु पर्दछ ।

२. अन्तर्वार्तामा छनौटको आधार लिखित र मौखिक दुवै परीक्षको लागि तयारी गर्नुपर्दछ ।

३. अन्तर्वार्तामा आउदा सफा भई सुहाउदो पोशाक लगाएर आउनु पर्दछ ।

४. अन्तर्वार्तामा रहदा रोजगारदाता वा अन्तर्वार्ता प्रतिनिधिले सोधेका सम्पूर्ण प्रश्नलाई नहतारिकन बुझेर मात्र जवाफ दिनु पर्दछ ।

५. अन्तर्वार्ता अवधि भर शान्त भई धैर्यता पूर्वक बस्नु पर्दछ ।

६. अन्तर्वार्तामा आउदा सम्भव भए सम्म सक्कल कागजपत्रहरु लिएर आउनु पर्दछ ।

अन्तर्वार्ताको छनौट पश्चात भिषा प्रकृयाको लागि गर्नुपर्ने प्रकृया जस्तै GSG center बाट ISC को चेकजाँच, स्वास्थ्य परीक्षण गरी प्रतिवेदनको प्रतिलिपि (Report) यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्दछ ।

### भिषा प्राप्त भएपछिको प्रकृया

भिषा प्राप्त भएपछि श्रम स्वीकृतीको लागि अभिमुखिकरण तालिम, कल्याणकारी कोष, वैदेशिक रोजगार जिवन बिमा, र यस संस्थाबाट प्रदान गर्ने पूर्व उडान कक्षा अनिवार्य रुपमा लिनुपर्दछ ।

## श्रमिकको हक अधिकार

१. स्वतन्त्रता पूर्वक काम गर्न पाउने अधिकार

२. समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार

३. घुमफिर तथा ट्रेड युनियनमा सहभागी हुन पाउने अधिकार

४. लिङ्ग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार

५. अदालतका काम कार्वाहीमा नागरीक सरह समानताको अधिकार

## सम्बन्धित एयरपोर्ट, कम्पनी र देशमा रहदा ध्यान दिनुपर्ने कुराहरु :

१. वैदेशिक रोजगारमा जादा आफ्नै देशको विमानस्थल मात्र प्रयोग गर्नुपर्दछ ।

२. जहाज चढे पछि जहाज भित्र र सम्बन्धित देशको बिमानस्थलमा पुगे पछि गर्नु पर्ने कुराको जानकारी लिनु पर्दछ ।

४. काम गर्ने कम्पनीमा पुगेपछि कम्पनीका प्रतिनिधिहरुले दिएको अभिमुखिकरण तालीममा सहभागी भई सम्पुर्ण कार्यप्रकृयाको जानकारी लिनु पर्दछ ।

५ कम्पनीमा पुगेपछि तपाईले गर्ने काम कुन शाखामा कति घण्टा गर्ने हो सोको समेत जानकारी लिन पर्दछ ।

६ रोजगारदाता कम्पनीहरुको कार्यप्रकृती अनुसार काम र समयको निर्धारण गरेको हुनाले सधैभरी एकै किसीमको काम र ओभरटाइम नमिल्न पनि सक्छ र ओभरटाईम गर्दा पाउने ज्यालाको बारेमा जानकारी लिनु पर्दछ ।

७. मध्यपान र धुम्रपान बाट सधै टाढा रहनु पर्दछ ।

८. कम्पनीको होस्टेल र यातायातको बारेमा जानकारी लिनु पर्दछ ।

९. सम्बन्धित देशको कानुनले लागुऔषध कारोवार र सेवन लाई पुर्ण रुपमा निषेध गरेको हुन्छ यदि निषेध गरिएका कार्यमा संलग्न भएमा कानुन अनुसार सजायको भागीदार हुनु पर्ने छ, तसर्थ त्यस्ता कार्यबाट टाढै रहनु पर्दछ ।

१०. मलेशिया अथवा सम्बन्धित देशको श्रम ऐन कानुन बारे जानकारी लिन पर्दछ ।

११. सडक प्रयोग गर्दा ट्राफिक नियमको पालना गर्नुपर्दछ ।

१३. विदेशमा बसुन्जेल वा घुमफिर गर्दा आफ्नो परिचय खुल्ने परिचय पत्र साथमा राख्नु पर्दछ ।

१४. आफु गएको देशको भाषा, धर्म ,संस्कृती, चालचलन को जानकारी लिई त्यसको सम्मान गर्नु पर्दछ ।

AAKARSHAN INTERNATIONAL PVT. LTD. quality.trust.relation